नगर विकास कोषको कार्यकारी निर्देशकको सिफारिस समितिले अपनाउने कार्यबिधि, २०८१ :

| सि.नं. | विषयबस्तु | अपनाउने कार्यबिधिहरु | कैफियत |
|---|---|---|---|
| १ | सूचना प्रकाशन गर्ने | २१ दिनको म्याद दिइ (२) दुई दैनिक पत्रिकामा २ पटक सूचना प्रकाशन गर्ने । | |
| २ | सूचना पूनः प्रकाशन गर्ने | तीनवटा भन्दा कम दरखास्त परेमा सात दिनको म्याद दिइ पूनः दरखास्त प्रकाशन गर्नु पर्ने । | |
| ३ | उम्मेदवारको योग्यता | मान्यता प्राप्त विश्व विद्यालयबाट अर्थशास्त्र, व्यवस्थापन चर्टर एकाउन्टेन्सी वा ईन्जिनियरिङ्ग विषयहरु मध्ये कुनै एक विषयमा स्नातकोत्तर उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्ति पाँच वर्षको अनुभव प्राप्त गरेको वा उल्लिखित विषयमा स्नातक उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तिमा सात वर्ष अनुभव प्राप्त गरेको हुनुपर्ने। सम्बन्धित क्षेत्रको अनुभव भन्नाले नगर विकास कोष नियमावली २०५४ को नियम १४ उल्लेख भएका बिषयमा गरेको कार्य अनुभव जनाउदछ। | |
| | उम्मेदवारको अयोग्यता | कार्यकारी निर्देशक पदको लागि नगर विकास कोष, कर्मचारी सेवा शर्त ( संशोधित ) विनियमावली, २०६८ को विनियम १३८ देहायका व्यक्तिहरु अयोग्य रहनेछन।<br>क) गैर नेपाली नागरिक<br>ख) पैतिस वर्ष उमेर पुरा नभएको<br>ग) चौवन्न (५४) वर्ष उमेर पुरा भएको<br>घ) नियमावलीको नियम १४ बमोजिमको योग्यता र अनुभव नभएको<br>ङ) नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट कसुरदार ठहरीएको<br>च) भविष्यमा कोष वा कुनै सार्वजनिक निकायको सेवाको निमित्त अयोग्य ठहरिने गरी त्यस्तो सेवाबाट बर्खास्त गरिएको। | |
| ४ | कार्यकारी निर्देशक छनौटका आधार | नगर बिकास कोष कर्मचारी सेवा शर्त(सशोधित) विनियमावली, २०६८ विनियम १४२ मा उल्लेखित आधार तथा अंकभारलाई सोहि विनियम अनुसार देहाय बमोजिम बिभाजन गरिनेछ<br>क) शैक्षिक योग्यता र अनुभव -पचास अंक<br>ख) कार्यपत्र लेखन -पचास अंक | |

| सि.नं. | विषयबस्तु | अपनाउने कार्यबिधिहरु | कैफियत |
|---|---|---|---|
| | | ग) कार्यपत्र प्रस्तुतीकरण - तीस अंक<br>घ) अन्तर्वाता -बीस अंक | |
| ५ | दरखास्त पेश गर्ने कागजात तथा विबरण | दरखास्त साथ पेश गर्नु पर्ने कागजात र विबरणः<br>क) नगर विकास कोष, कर्मचारी सेवा शर्त ( संशोधित ) विनियमावली, २०६८ को अनुसूची- १० बमोजिम भरेको दरखास्त फारम<br>ख) उम्मेदवारले दरखास्त दस्तुर वापत नगर विकास कोषको नाममा ग्लोबल आई.एम.ई. बैकको बानेश्वर शाखामा रहेको खाता नं. ०२९०१०१०००००६२ मा ३०००/- (अक्षरुपी तीन हजार) मात्र बुझाएको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।<br>ग) नेपाली नागरिकता, शैक्षिक योग्यता, तालिम तथा अनुभवको प्रमाणित प्रतिलिपिहरु ।<br>घ) दरखास्तसाथ नगर विकास कोष, कर्मचारी सेवा शर्त ( संशोधित ) विनियमावली, २०६८ विनियम १३८ वमोजिम अयोग्य नरहेको र कुनै पनि देशको डिभी पिआर नलिएको तथा आवेदन नदिएको स्वघोषणा पेस गर्नु पर्ने छ।<br>ङ) विदेशी विश्वविद्यालयबाट हासिल गरेको शैक्षिक योग्यतालाई त्रिभुवन विश्वविद्यालयबाट समकक्षता प्राप्त गरेको हुनु पर्नेछ। | स्वघोषणाको ढाँचा यसै कार्य बिधिको अनुसूची-१ मा सम्लग्न छ। |
| ६ | व्याबसायिक योजनामा समाबेस गर्नुपर्ने बिषय | क) नगर विकास कोषको कार्य निर्देशकको उम्मेदवारले देहायको बिषय समेटी पेस गर्नु पर्ने चार वर्षे व्यावसायिक योजनाको ढाँचा (५००० शब्द नबढ्ने गरी)<br>• पृष्ठभूमी<br>• कोषको स्थापना,उद्देश्य र कार्यक्षेत्र<br>• कोषको संचालन र वर्तमान अवस्था<br>• कोषका चुनौती र अवसर<br>• कोषको नीतिगत, रणनैतिक, दीर्घकालिन तथा अल्पकालिन र संरचनागत सुधारका योजना | यसै कार्य बिधिको अनुसूची-२ मा समावेस गरिएको छ। |

| सि.नं. | विषयबस्तु | अपनाउने कार्यबिधिहरु | कैफियत |
|---|---|---|---|
| | | • कोषको चार वर्षे व्यावसायिक योजना (Result Frame Work) सहित A4 Size पेपरको एक तर्फ प्रिन्ट गरी सबै पानामा हस्ताक्षर गरी शिलबन्दी खाममा राखि दुई प्रति पेश गर्नु पर्नेछ। व्याबसायिक योजना नेपाली भाषामा तयार गरेको हुनु पर्नेछ।<br>ख) प्रस्तुतीकरणको ढाँचा<br>क) स्वयम् उपस्थित भई कार्य योजना केन्द्रित प्रस्तुतीकरण गर्नु पर्नेछ।<br>ख) प्रस्तुतीकरणको समय २५ मिनेटको हुनेछ।<br>ग) बढिमा २५ वटा स्लाईडमा विषयबस्तु समेट्नु पर्नेछ। | |
| | | | |
| ७ | दरखास्त पेश गर्ने उम्मेदवारको मूल्याँकन | अतिरिक्त म्याद समाप्त भएको मितिले ७(सात) दिन भित्र शैक्षिक योग्यता, अनुभव र तालिम (उम्मेवारको शैक्षिक योग्यता तालीम र अनुभव मुल्याङ्कन आधार अनुसूची-११) आधारमा १० (दश) जना उम्मेदवार छनौट गर्ने । | |
| ८ | कार्यपत्र प्रस्तुतीकरण | कार्यकारी निर्देशक सिफारीस समितिले तोकेको मिति, समय र स्थानमा उपस्थित भई छनौट भएमा १०(दश) जना उम्मेदवारले सिफारीस समितिले तोकेको ढाँचामा प्रस्तुतिकरण गर्नु पर्ने (अनुसूची-१२ दोस्रो खण्ड अनुसार प्रस्तुतीकरणको मुल्याङ्कंन गर्ने)। प्रस्तुतीकरणमा सम्वन्धित क्षेत्रको विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ। | |
| ९ | कार्यपत्रको मूल्याँकन | प्रस्तुत गरिएका कार्यपत्रहरु प्रस्तुतीकरण गर्ने मितिबाट (सात) दिन भित्र मूल्याँकन गरिसक्नु पर्ने (अनुसूची-१२ पहिलो खण्ड अनुसार मुल्याङ्कन गर्ने )। मुल्याङ्कनमा सम्वन्धित क्षेत्रको विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ। | |
| १० | अन्तर्वार्ताको लागि योग्य उम्मेदवारको छनौट | कार्यपत्र तथा प्रस्तुतीकरणमा सबै भन्दा बढी अंक प्राप्त गर्ने ५(पाँच) जना उमेदवारको नाम छनौट गर्ने । पाँच जना भन्दा कम उम्मेदवार को हकमा कार्यपत्र लेखन र प्रस्तुतीकरण को अंकको ४० प्रतिशत अंक प्राप्त गर्ने सबै उम्मेदवार छनौट गर्ने । | |

| सि.नं. | विषयबस्तु | अपनाउने कार्यबिधिहरु | कैफियत |
|---|---|---|---|
| ११ | उम्मेदवारको अन्तर्वार्ता लिने | छनौट भएका ५ (पाँच) जना योग्य उम्मेदवारको अन्तर्वार्ता लिने<br>• विषेशज्ञ लाई आमन्त्रण गर्ने सक्ने<br>• पूर्णाङ्कको ७०(सत्तरी) प्रतिशत भन्दा वढी र ३० (तिस) प्रतिशत भन्दा कम अंक दिंदा आधार र कारण खुलाउनु पर्ने ।(विनियम १४४को उपविनियम (२) बमोजिम मुल्याङ्कनका आधारमा अन्तर्वाताको मुल्याङ्कन गर्ने) | |
| १२ | नियुक्तीको लागि सिफारिस | योग्यता तथा अनुभव, कार्यपत्र तयारी प्रस्तुतिकरण र अन्तर्वार्तामा प्राप्त गरेको अंकलाई गणना गरी सबै भन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवार लाई सफल उमेदवार र त्यस पछि दोस्रो स्थान प्राप्त गर्ने लाई वैकल्पिक उम्मेदवारको रुपमा सिफारिस गर्ने ।<br>अन्तर्वार्ता सम्पन्न भएको २४ (चौविस) घण्टा भित्र अध्यक्ष समक्ष सिफारिस गरी सम्बन्धित व्यक्तिको जानकारीको लागि सूचना प्रकाशन गर्ने । | |